नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

निर्णयहरु:

१. यस अगाडि बसेको बैठकले गरेका निर्णय कार्यान्वयनको समीक्षा गरियो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केही निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाइयो।

२. आयोजना कार्यालय तथा जिल्ला सुरक्षा समितीको मिति २०८२ असार ३ गते भएको स्थलगत अनुगमनवाट देखिएको बेसीशहर चामे सडकको देहाय चेनेजमा देखिएको सडकको अवस्थालाइ आयोजना कार्यालयले तत्काल सुधार गर्ने ।

| चेनेज | सुधार गर्नुपर्ने विषय |
|---|---|
| 10+350 | Culvert (तुनिखार्क) Approach मा ढलान गर्नुपर्ने |
| 12+570 | Causeway Damage सच्च्याउनु पर्ने |
| 12+920 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 13+100 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 14+370 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 14+680 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 15+540 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 15+760 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 16+000 | अर्खले खोला (बाढीले ह्युम पाइप क्षति बनाएमा तत्काल Diversion पुर्ननिर्माणको लागि तयारी अवस्थामा रहने) |
| 16+150 | अर्खले पहिरो हटाउने (नाला सफा गर्ने) |
| 16+590 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 17+340 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 18+120 | Taghring (बाढीले ह्युम पाइप क्षति बनाएमा तत्काल Diversion पुर्ननिर्माणको लागि तयारी अवस्थामा रहने) |
| 19+050 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 19+500 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 22+100 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |
| 23+100 | Boulder Mix Soil भरान गर्ने, सडकमा पानी जम्न नदिने |

३. सहलगानीमा निर्माण भइरहेको सुन्दरवजार खानेपानी आयोजना निर्माण सम्पन्न गर्ने कार्यमा के कारणले ढिलाइ हुन गएको हो सम्वन्धित आयोजना कार्यालय र नगरपालिकाले जो जे नीतिगत तथा कार्यगत समन्वय गर्नुपर्ने हो तत्काल गरी निर्माण कार्यलाइ निर्धारित समयमै सम्पन्न गर्ने । *(अनुगमन मिति २०८२।३।३)*

प्रमुख जिल्ला अधिकारी

४. यस वर्षको मनसुनसँगै वर्षायाम समेत शुरु भएकोले विपद् व्यवस्थापन सम्बन्धमा सबै कार्यालयहरुले आ-आफ्नो भूमिका जिम्मेवारी पूर्वक निर्वाह गरी विपद पूर्वतयारी र प्रतिकार्यमा ध्यान पुऱ्याउने। उक्त अवधिमा यस सिजनमा फैलिनसक्ने महामारीजन्य रोगहरु जस्तै डेङ्गी, टाइफाईड, जापानिज इन्सेफ्लाइटिस आदिको रोकथाम र नियन्त्रणको लागि जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल लमजुङ र स्थानीय तहहरुले आ-आफ्नो स्वास्थ्य शाखा मार्फत आवश्यक तैयारी गर्ने।

५. बेसीशहर बजार क्षेत्रमा जथाभावी रहेका भुस्याहा कुकुरको नियन्त्रण गरी सुरक्षित शहर बनाउन भेटेरिनरी अस्पताल र स्थानीय तहका पशु शाखा मार्फत कुकुरहरुको बन्ध्याकरण र रेविज विरुद्धको खोप लगाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने।

६. मनसुन पूर्वानुमान शाखाले यस जिल्लामा सधैंको तुलनामा यस वर्ष वढी वर्षा हुने प्रक्षेपण गरेकोले मनसुन पूर्वातयारी प्रतिकार्य उद्दार र राहतको कार्यमा आ-आफ्नो ठाउँबाट सबै निकाय खटिनुपर्ने अवस्था रहनेहुँदा कार्यालय प्रमुखहरु सकभर विदामा नबस्ने। कार्यालयका अन्य कर्मचारीहरुलाई समेत आवश्यकताको आधारमा मात्र विदा वस्न अनुमति प्रदान गर्ने। कार्यालयका सवारीसाधन मर्मत गर्नुपर्ने भए समयमा नै गरी मनसुन अवधिभर चालु हालतमा राख्ने।

७. चालु आ.व. २०८१/८२ को कार्यालयको कार्य प्रगतिलाई अपेक्षित रुपमा हासिल गर्न आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने। भुक्तानी दिनुपर्ने दायित्व सिर्जना भएको हकमा यथाशीघ्र भुक्तानी गरी तोकिएको समयभित्रै खाताबन्दी गर्ने।

८. कार्यालयहरुले वेरुजु फछ्र्यौटको कार्यलाई प्राथमिकतापूर्वक अगाडि बढाउने। अघिल्ला आ.व. हरुको अनुभवको आधारमा सकभर बेरुजु नआउने गरी आ-आफ्ना योजना तथा कार्यक्रमको कार्यान्वयन अगाडि बढाउने।

९. कार्यालय प्रमुखहरुको आगामी बैठक जिल्ला समन्वय समितिको कार्यालयमा बस्ने।

प्रमुख जिल्ला अधिकारी